## ञ) कर कट्टी (जग्गा र घर जग्गा)

**१. जग्गा र घर जग्गाको पूजीगत लाभमा कुन कार्यालयले कर असूली गर्दछ ?**

*जग्गा र घर जग्गाको पूँजिगत लाभ कर सम्बन्धित मालपोत कार्यालयले अग्रीम कर कट्टिको रुपमा असुल गर्दछ ।*

**२. मालपोत कार्यालयले जग्गा र घर जग्गाको पूजीगत लाभको गणना के आधारमा गर्दछ ?**

*निसर्ग भएको जग्गा तथा घर जग्गाको स्वामित्व अवधिको आधारमा लाभको गणना गर्दछ । जस्तै यसको स्वामित्व ५ वर्ष भन्दा वढि भएको छ भने लाभको ५ प्रतिशतका दरले र ५ वर्ष भन्दा कम रहेछ भने १० प्रतिशतका दरले पूजीगत लाभ कर असूल गर्दछ ।*

**३. आयकर ऐन, २०५८ लागू हुनु पूर्वको पूजीगत लाभमा पनि कर लाग्छ ?**

*आयकर ऐन, २०५८ लागू हुनु भन्दा अघिको प्राकृतिक व्यक्तिको गैर व्यवसायिक सम्पत्तिको पूँजिगत लाभमा यस्तो कर लाग्दैन ।*

**४. आयकर ऐन, २०५८ लागू भएको मिति कुन हो र यो मितिको आधारमा घर जग्गाको शुरु मूल्यांकन कसरी गरिन्छ ?**

*आयकर ऐन, २०५८ मिति २०५८ चैत्र १९ गते देखि लागु भएको हो । सोहि मितिलाई आधार मानी प्राकृतिक व्यक्तिको गैर व्यवसायिक सम्पत्ति अन्तर्गत धरजग्गा तथा जग्गाको प्रचलित वजार मूल्य तय गरिन्छ ।*

**५. मालपोत कार्यालयमा तिरेको अग्रिम पूजीगत लाभ वापतको आयकर वार्षिक करमा कसरी मिलान गरिन्छ ?**

*मालपोत कार्यालयमा तिरेको पूँजिगत लाभकरलाई आय विवरण पेश गरि लगानी आयको करमा मिलान गर्न पाईन्छ ।*

**कर कट्टी गरीनु पर्ने दर :**

*बासिन्दा ब्यक्तिले ऐनको ८७, ८८, ८८क, ८९ र ८९क बमोजिम गरीनु पर्ने कर कट्टीका दर समस्टिगतमा तल टेवलमा प्रस्तुत गरिएको छ ।*

| आकर्षित हुने दफा | अग्रिम कर कट्टी हुने भुक्तानी | अग्रिम कर कट्टीको दर | अन्तिम हुने/नहुने |
|---|---|---|---|
| दफ ८७ (१) | रोजगारीको आय<br><br>(पारिश्रमिक) | दम्पत्ति/व्यक्तिको लागि अनुसूची १ मा तोकिएको दरले | सामान्यतया हुने |
| दफा ८८(१) | सामान्य ब्याज भुक्तानी | १५ प्रतिशत | नहुने |

| | | | |
|---|---|---|---|
| दफा ८८(१) | प्राकृतिक श्रोत, रोयल्टी, सेवा शुल्क, कमिशन वा विक्री वोनस आदी | १५ प्रतिशत | नहुने |
| दफा ८८(१)<br>९२(१)(ज) | वैठक भत्ता, पटके रुपमा गरिएको अध्यापन गराए बापतको भुक्तानी | १५ प्रतिशत | हुने |
| दफा ८८(१)(१)<br>दफा ९२(१)(छ) | नेपाल सरकारबाट स्वीकृत अवकाश कोषबाट भएको अवकाश भुक्तानी बाट रु. ५,००,००० वा ५० प्रतिशत मध्ये जुन बढी हुन्छ सो घटाई बाँकी रहने भुक्तानीमा | ५ प्रतिशत | हुने<br>(नियमित रुपमा भुक्तानी हुने पेन्सन बाहेक) |
| दफा ८८(१)(२)<br>दफा ९२(१)(च) | वासिन्दा रोजगार कम्पनीले गैर वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको कमिशनमा | ५ प्रतिशत | हुने |
| दफा ८८(१)(३)<br>दफा ९२(१)(च) | वायुयानको लिज (पट्टा) वापतको रकम भुक्तानी | १० प्रतिशत | हुने |
| दफा ८८(१)(४) | मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायक वासिन्दा व्यक्तिलाई भुक्तानी गरेको सेवा शुल्कमा | १.५ प्रतिशत | नहुने |
| दफा ८८(१)(५) | नेपालमा स्रोत भएको भाडा | १० प्रतिशत | नहुने |
| दफा ८८(१)(५)<br>दफा ९२(१)(ख) | प्राकृतिक व्यक्तीको व्यवसायसंग सम्वन्धित नभएको घर जग्गा वहालमा लगाए वापतको भाडा र घरमा मौजुदा रहेका सजावटका सामानको एकमुष्ट भाडा | १० प्रतिशत | हुने |
| दफा ८८(१)(६) | कमोडिटी फ्यूचर मार्केट अन्तर्गत व्यापार गर्ने व्यक्तिले प्राप्त गर्ने मुनाफा र लाभ | १० प्रतिशत | नहुने |
| दफा ८८(२)क<br>फा ९२(१)(क) | लाभांश | ५ प्रतिशत | हुने |
| दफा ८८(२)ख<br>फा ९२(१)(ग) | लगानी विमाको लाभ | ५ प्रतिशत | हुने |
| दफा ८८(२)ग<br>दफा ९२(१)(घ) | स्वीकृति नलिएको अवकाश कोषबाट लाभको भुक्तानी | ५ प्रतिशत | हुने |
| दफा ८८(३)<br>दफा ९२(१)(ङ) | नेपालमा स्रोत भएको र व्यवसाय सञ्चालनसंग सम्बन्धित नभएको खण्डमा बासिन्दा बैंक, वित्तीय संस्था वा ऋणपत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून | ५ प्रतिशत | हुने |

| | | | |
|---|---|---|---|
| | बमोजिम सूचिकृत भएका कम्पनीले कुनै प्राकृतिक व्यक्तिलाई निक्षेप, ऋणपत्र, डिवेन्चर तथा सरकारी वण्डको बापत भुक्तान गर्ने ब्याज | | |
| दफा ८८(४)(क) | प्राकृतिक व्यक्तिले गरेको व्यवसाय संचालनसंग सम्बन्धित भुक्तानी वा घर भाडामा लिए बापत तिरेको भाडा बाहेकका अन्य कुनै भुक्तानी | कर कट्टी गर्नु नपर्ने | भुक्तानी प्राप्त गर्ने व्यक्तिले आयमा समावेश गर्नु पर्ने |
| दफा ८८(४)(क१) | पत्रपत्रिकामा प्रकाशित लेख रचना वापतको भुक्तानी र प्रश्नपत्र तयार गरे वापत तथा उत्तर पुस्तिका जांच गरे वापतको भुक्तानी | कर कट्टी गर्नु नपर्ने, भुक्तानी प्राप्त गर्ने ब्यक्तिले आयमा समाबेस गर्नु पर्ने | |
| दफा ८८(४)(ख) | बासिन्दा बैंक वा अरु बासिन्दा वित्तीय संस्थालाई तिरेको ब्याज | कर कट्टी गर्नु नपर्ने, भुक्तानी प्राप्त गर्ने ब्यक्तिले आयमा समाबेस गर्नु पर्ने | |
| दफा ८८(४)(ग) | कर छूट पाएको भुक्तानी वा दफा ८७ बमोजिम कर कट्टी हुनु पर्ने भुक्तानी | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(घ) | क्रेडिट कार्ड जारी गर्ने वैंकलाई तिरेको इण्टररिजनल इण्टरचेन्ज शुल्क | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(ङ) | नेपाल सरकार र विदेशी सरकार वा नेपाल सरकार पक्ष भएको अन्तराष्ट्रिय संस्था वीच भएको कुनै सम्झौता बमोजिम नेपाल सरकारले विदेशी सरकार वा अन्तराष्ट्रिय संस्थालाई भुक्तान गरेको ब्याज वा शुल्क | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८(४)(च) | ग्रामीण समुदायमा आधारित लघू वित्त संस्था, ग्रामीण विकास बैंक, हुलाक बचत बैंक र ऐनको दफा ११(२) बमोजिम सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक दश हजार रुपैयाँसम्मको ब्याज भुक्तानी | कर कट्टी गर्नु नपर्ने | |
| दफा ८८क | आकस्मिक लाभ | २५ प्रतिशत | हुने |

| | | | |
|---|---|---|---|
| दफा ९२(१)(झ) | | | |
| दफा ८९(१) | करार वा ठेक्का वापत रु. ५०,००० भन्दा वढी रकमको भुक्तानी | १.५ प्रतिशत | नहुने |
| दफा ८९(३)(क) | गैर वासिन्दा व्यक्तिलाई भुक्तानी हुने सेवा सम्बन्धी ठेक्का वा करारमा | १० प्रतिशत | हुने |
| दफा ८९(३)(ख) | गैर वासिन्दा व्यक्तिलाई भुक्तानी हुने वायु यान मर्मत तथा अन्य ठेक्का वा करारमा | ५ प्रतिशत | हुने |
| दफा ८९(३)(ग) | गैर वासिन्दा व्यक्तिलाई भुक्तानी हुने बिमा प्रिमियम | १.५ प्रतिशत | हुने |
| दफा ८९(३)(घ) | गैर वासिन्दा व्यक्तिलाई हुने अन्य भुक्तानी | बिभागले लिखित सूचना दिए बमोजिम | हुने |
| दफा ८९क(क)<br>दफा ८९क(ख) | धितोपत्र वोर्डमा सूचिकरण भएको वा नभएको निकायमा रहेको हितको निसर्गबाट बासिन्दा प्राकृतिक ब्यक्तिलाई प्राप्त लाभमा | १० प्रतिशत | नहुने |
| दफा ८९क(क)<br>दफा ८९क(ख) | धितोपत्र वोर्डमा सूचिकरण भएको वा नभएको निकायमा रहेको हितको निसर्गबाट अन्य ब्यक्तिलाई प्राप्त लाभमा | १५ प्रतिशत | नहुने |
| दफा ८९ख(१) | प्राकृतिक ब्यक्तिले ५ वर्ष भन्दा बढी अबधीको स्वामित्व धारण गरेको गैर व्यवसायिक करयोग्य सम्पत्ती (जग्गा तथा घरजग्गा) को निसर्ग भएको लाभको भुक्तानीमा | ५ प्रतिशत | नहुने |
| दफा ८९ख(२) | प्राकृतिक ब्यक्तिले ५ वर्ष भन्दा कम अबधीको स्वामित्व धारण गरेको गैर व्यवसायिक करयोग्य सम्पत्ती (जग्गा तथा घरजग्गा) को निसर्ग भएको लाभको भुक्तानीमा | १० प्रतिशत | नहुने |